**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०९ जून २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- **प्रधानमंत्री मरेन्द्र मोदीले सबैले नमो एपमा भारतको विगत ११ बर्षको विकास यात्राको सर्वेक्षणमा भाग लिने आग्रह गर्नु भयो|**
- **भगवन विरसा मुण्डाको १२५ औं पुण्यतिथि पालन गरियो| प्रधानमंत्री, राज्यकी मुख्यमंत्रीसहित उत्तर बंगालका नेताहरुले गरे नमन|**
- **ड्रग्स तस्करहरुको रंगरंगीको विरोधमा आज सिलगडीको देविडंगामा व्यवसायीहरुले बन्द पालन गरे।**
- **राज्यकि मुख्यमंत्री ममता बनर्जीले बढ्दो कोविड मामिलाबिच सरकारी अस्पतालमा पर्याप्त व्यवस्था रहेकोले मानिसहरूसित नआतिने अपील गर्नु भएको छ|**
- **राज्यमा वर्षा भईरहेता पनि दक्षिण बंगालमा गर्मीको प्रकोप निकै बढेर गएको छ |**

**प्रधानमंत्री-सर्वे**

प्रधानमन्त्री नरेन्द्र मोदीले सबैलाई नमो एपमा भारतको विगत एघार वर्षको विकास यात्राको सर्वेक्षणमा भाग लिन आग्रह गर्नुभएको छ। आफ्नो सोशल मीडिया पोस्टमा, श्री मोदीले एक पोर्टलको लिङ्क पनि साझा गर्नुभएको छ। यहाँ जो कसैलेल पनि विगत एघार वर्षको भारतको विकास यात्रा बारे जन मन सर्वेक्षणमा भाग लिन सक्नेछन्।

**संशो प्रधानमंत्री- शासन के 11 वर्ष**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ एक सय 40 करोड़ भारतीयको आशीर्वाद र सामूहिक भागीदारीले देशले विगत 11 वर्षमा विभिन्न क्षेत्रहरुमा तीव्र गतिमा परिवर्तन देखेको छ। सोशल मीडिया पोस्टमा उहाँले भन्नुभएको छ, "सबका साथ, सबका विकास, सबका विश्वास, सबका प्रयास" को सिद्धान्तबाट प्रेरित भएर एनडीए सरकारले गति, स्तर र संवेदनशीलताका साथ महत्वपूर्ण परिवर्तनहरू ल्याएको छ।

**अंतरिक्ष मिशन एक्जियोम**

भारतीय अन्तरिक्ष यात्री तथा भारतीय वायुसेनाका ग्रुप कैप्टन शुभांशु शुक्लाले भोली साँझ स्पेसएक्सको एक्सिअम फोरबाट आफ्नो अन्तरिक्ष यात्रा सुरु गर्नेछन्। उनी दुई सातासम्म अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा रहनेछन्। उनको यात्रा भारतको अन्तरिक्ष कार्यक्रममा थप एक कोशेढुङ्गा हुनेछ। शुभांशु शुक्लाको यात्रा भोली भारतीय समय अनुसार साँझ पांच बजेर 52 मिनट दखि शुरू हुनेछ अमेरिकाको फ्लोरिडास्थित केनेडी स्पेस सेन्टरबाट सुरु हुनेछ। श्री शुक्लालाई 2020 मा यस मिसनको लागि चसन गरिएको थियो त्यसपछि उनले विभिन्न अन्तरिक्ष केन्द्रहरूमा कठिन प्रशिक्षण लिए। उनी अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनको भ्रमण गर्ने पहिलो भारतीय अन्तरिक्ष यात्री हुनेछन्।

**बिरसा मुंडा- पुण्यतिथि**

आज भगवान बिरसा मुंडाको 125औं पुण्यतिथि हो। उहाँलाई धरती आबाको नामले जानिन्छ । उहाँले शोषणकारी औपनिवेशिक व्यवस्था विरुद्ध आंदोलनको नेतृत्व गर्नुभयो र आदिवासी समुदायका अधिकारहरु र सम्मानको लागि लड़ाई लड्नु भयो। यसैबीच प्रधानमंत्री नरेंद्र मोदी, राज्यकी मुख्यमंत्री ममता ममता बनर्जी, दार्जिलिंगका सासद राजु बिस्ट, अलिपुर्द्वारका सासद मनोज तिगगा लगायतले भगवान बिरसा मुंडालाई श्रद्धांजलि अर्पित गर्नुभयो। सोशल मीडिया पोस्टमा प्रधानमन्त्री श्री मोदीले

भन्नुभयो भगवान बिरसा मुंडाले आफ्नो जीवन आदिवासी  दाजु भाई- दिदी बहिनीहरुको कल्याण र उनीहरुका अधिकारको रक्षाका लागि समर्पित गर्नुभयो। श्री मोदीले भन्नुभयो उहाँको बलिदान र समर्पण देशका लागि  प्रेरित गरिरहनेछ।यसरी नै कालचिनी स्थित भगवान  वीर विरसा मुण्डा को शलिग अघि कुमार ग्राम खण्डको आदिवासी नेता लुईस कुजुर अनि उनका सहयोगीहरूले पुष्प अर्पण गर्दै श्रद्धाञ्जलि चढाए। श्री कूजुर ले भगवान वीरसा मुण्डाको बलिदानले आदिवासी समाजले न्याय पाएको र अहिले आदिवासी समाजको विकासमा भगवान बिरसा मुण्डा को नाम जोडिएको ले उनको जन्मदिन मात्र नमनाएर पुण्यतिथि पनि पालन गर्न जरुरी रहेको बताउनु भयो।

**रिम्पोर्छे**

परमपुज्य गुरूङ टुल्कु निमा होइसेर रिम्पोर्छे गुरूदेवको 81 औँ जन्मजयन्ती खरसाङमा आज धुमधामले मनाइयो। अखिल भारतीय गुरूङ(तमु) बौद्ध सङ्गठन, खरसाङ महकुमा समितिको आयोजनामा यहाँको टाउन कम्युनिटी हल, नयाँ बजारमा सम्पन्न गरियो ।

बाइट

**113 औं**

खरसाङको सबै भन्दा जेष्ठ अनि गरिमामय संस्था गोर्खा जन पुस्तकालयले  आफ्नो स्थापनाको 113 औं जयन्ती एक कार्यक्रमबीच पालन गरेको छ। यसै पुस्तकालयको अध्यक्ष रबीन कुमार प्रधानको अध्यक्षतामा आयोजना भएको यस कार्यकममा प्रमुख अतिथिको रूपमा संस्थाका पूर्व सचिव एल०डी मोक्तानले उपस्थित थिए भने अन्य विशिष्ट अतिथिहरूमा सभासद कल्पना प्रधान, साहित्य अकादमी परामर्श समितिका सदस्या डाक्टर आशा मुखिया, तिलक शर्मा, जी०बी०बल, पूर्ण गुरूङ निरूपम आदि उपस्थित रहेका थिए। कार्यक्रममा दिवंगत सदस्यहरूको स्मृतिमा 108 वटा बत्ती बालेर श्रद्धान्जलि अर्पण गरियो भने यस संस्थामा 50 वर्ष अघिदेखि सदस्याता ग्रहण गरेर सेवा पुर्याउने सदस्यहरूलाई स्वर्ण सदस्य अनि 25 वर्ष सेवा पुर्याउने सदस्यहरूलाई रजत सदस्य सम्मान प्रदान गरिएको छ।

**खरसाङ**

खरसाङ क्षेत्रका स्थानीय उद्यमीहरुले मिलेर आजदेखि खरसाङमा आफैले बनाएका स्थानीय चीजबीजहरुलाई लिएर खरसाङको गोर्खा जनपुस्तकालय भवनमा पाँच  दिनव्यापी प्रदर्शनी तथा बिक्री शुरु गरेका छन्।यस पाँच दिनव्यापी प्रदर्शनी तथा बिक्री केन्द्रको उदघाटन स्थानीय उद्यमी संगीता राईले रिबन काटेर गरेकी थिइन्। यस अवसरमा सभासद श्याम शेर्पाले पनि यसको निरीक्षण गरेका थिए। यस प्रदर्शनीमा स्थानीय उद्यमीहरुले बनाएका जातीय खाद्य सामग्रीहरु, फूलहरु, झोलाहरु, हातले बनाएका चीजबीजहरु राखिएका छन्। यस प्रदर्शनीको मुख्य उद्देश्य स्थानीय सर सामानहरुलाई अघि बढाउनु तथा स्थानीय उद्यमीहरुलाई व्यापार क्षेत्रमा मञ्च प्रदान गरेर अघि बढाउनु रहेको आयोजक समितिले बताएको छ ।  पाँच दिनव्यापी प्रदर्शनी तथा बिक्री बिहान 9 बजीदेखि साँझ 6 बजीसम्म  चल्ने  छ।

**देवीडांगा**

सिलिगुडीको देवीडाङ्गा क्षेत्रमा गोली चलेको घटनाका कारण पूरै क्षेत्रमा त्रास छाएको छ भने घटनाको कारण देविडाँडा बजार पूर्णरुपमा बन्द गरिएको छ । घटनाअनुआर लागुऔषधको कारोबार गर्ने कारोबारीको बिरुद्द स्थानीयहरुले आवाज उठाएपछी उक्त घटना घटेको हो भने लागुऔषध कारोबारीको कारण यस क्षेत्रका युवाहरु दलदलमा फस्दै गएको स्थानीयहरुको आरोप छ । यसले त्यस क्षेत्रमा त्रासको वातावरण सिर्जना गर्यो। घटनाको खबर पाउनासाथ पुलिस घटनास्थल पुगेको थियो भने एक आरोपीलाई आग्नेयास्त्र सहित घटनास्थलबाट पक्राउ गरेको थियो। दुई जना अझै फरार छन।

**कोभिड-19**

पश्चिम बंगालमा बितेको 24 घण्टाभित्रमा कोभिड-19 को 54 नयाँ मामिला प्रकाशमा आएको छ जसबाट राज्यमा सक्रिय मामिलाहरूको संख्या बढ़ेर 747 पुगेको छ। सो जानकारी केन्द्रिय स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालयद्वारा आज जारी आँकड़ाबाट प्राप्त भएको हो। स्वास्थ्य मन्त्रालय अनुसार यस अवधिमा 53 जना रोगीहरूले संक्रमणबाट पूर्ण रूपले निको भएका छन्। राहतको कुरा के छ भने बितेको 24 घण्टाभित्रमा कोभिडको कारणले राज्यमा कसैको पनि मृत्यु भएको छैन। यसैबीच मुख्यमन्त्री ममता बेनर्जीले आज स्वास्थ्य विभागका अधिकारीहरूसँग राज्यको कोभिड-१९ तयारीको समीक्षा गर्न उच्चस्तरीय बैठक गर्नुभयो भने देशमा कोभिड–१९ को सङ्क्रमण पुनः बढ्दै गएकाले सतर्क रहन यदापी नआत्तिन सर्वसाधारणमा आग्रह गर्नुभएको छ । बैठकपछि पत्रकारहरूलाई सम्बोधन गर्दै बनर्जीले आवश्यक परेको खण्डमा सरकारी अस्पतालमा उपचार गर्नुपर्ने बताउदै सरकारी अस्पतालहरूमा पूर्ण स्वास्थ्य सुविधाहरू रहेकोले अहिले आत्तिनुपर्ने अवस्था नरहेको तर सावधानी अपनाउनुपर्ने स्पष्ट पार्नुभयो।

**२३ औं**

भारत–भूटान फाउन्डेसनको २३ औं बोर्ड अफ डाइरेक्टर्सको दुई दिवसीय बैठक हिजो अनि आज थिम्पुमा बोलाइएको छ ।आईबीएफको स्थापना सन् २००३ मा शैक्षिक, सांस्कृतिक, वैज्ञानिक र प्राविधिक क्षेत्रलगायत पारस्परिक सहमतिका क्षेत्रहरूमा गतिविधिहरू मार्फत जनस्तरको आदानप्रदान बढाउने उद्देश्यका साथ भएको थियो भने बैठकमा आईबीएफ बीओडीले जारी गतिविधिहरूको समीक्षा गर्नुका साथै भारत र भुटानमा साझेदार संगठनहरूबाट सहयोगका लागि नयाँ प्रस्तावहरूमा छलफल गरिने अपेक्षा गरिएको छ।

****** ० ******